## विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको बैठक

**मितिः ३१/०३/२०७७ (१५ जुलाई २०२०)**
**अनलाईन माध्यमः जुम**
**समयः २:०० बजे**

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको बैठक उल्लिखित मिति र समयमा ८१ जना सदस्यको भर्चुअल उपस्थितिमा कार्यमञ्चका अध्यक्ष श्री अनिल पोखरेलज्यूको अध्यक्षतामा बस्यो । बैठकमा निम्न विषयमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**छलफलका लागि प्रस्तुत विषयहरु :**

१. कार्यमञ्चको गतिविधि अद्यावधीक र भावी कार्ययोजना ।

२. हाल भइरहेको मनसुन जन्य विपद्का घटनाहरु, प्रतिकार्य र जोखिम न्यूनीकरणकालागि भएका पहलहरु र सरोकारवालाको भूमिकाका सम्बन्धमा छलफल ।

३. हालै सम्पन्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परीषद र कार्यसमितिका महत्वपूर्ण निर्णयहरू र यसको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवालाहरुको भूमिका, सहकार्य र साझेदारी विषयमा छलफल ।

४. विविध ।

**निर्णयहरु :**

**निर्णय १:** विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको संचालन मार्गदर्शनलाई चाडै अन्तिम रुप दिने र सोहि अनुरुप बिभिन्न समुहहरु गठन गर्ने ।

**निर्णय २:** विपद् जोखिम न्यूनीकरण प्रादेशिक कार्यमञ्च गठन गर्न पहल गरिनुकासाथै स्थानीय तहसम्म कार्यमञ्चको बिस्तार गर्ने ।

**निर्णय ३:** कार्यमञ्चले आवधिकरुपमा समसामयिक विषयहरुमा बिभिन्न कार्यक्रमहरुको आयोजना गर्ने ।

**निर्णय ४:** कार्यमञ्चको सचिवालयको तर्फबाट प्रकोप पूर्वतयारी सञ्जालका महासचिव श्री राजु थापाद्वारा आ.व २०७७/२०७८ कालागि प्रस्तुत कार्ययोजनालाई, सरोकारवालहरुबाट समेत सल्लाह सुझाव लिई अन्तिम रुप दिने ।

**निर्णय ५:** विपद् जोखिम न्यूनीकरणकालागि राष्ट्रिय कार्यमञ्च सबैको साझा मञ्च भएको तथ्य मनन गर्दै बैठकका सहभागीहरु तथा सम्बन्धित सरोकारवालाहरुलाई सामुहिकरुपमा कार्य गरी विपद् उत्थानशिल नेपाल निर्माणकालागि नबिन बिचारका साथ आउन आग्रह गरियो ।

**निर्णय ६:** वार्षिक विपद् प्रतिवेदन तयार गर्ने प्रयोजनार्थ, स्थानीय सरकार, जील्ला विपद् व्यवस्थापन समिति र प्रदेश सरकारलाई सहयोग गर्न, कार्यमञ्चका सदस्यहरुको पहिचान गरी जीम्वेवारी दीने ।

**निर्णय ७:** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा कार्यमञ्चको सचिवालय डेक्स संचालन गर्ने ।